प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

**शैक्षिक शत्र २०७९/०८० मा डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहमा प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम २०७९ को नतिजा प्रकाशन एवं भर्नाका लागि सिफारिश भएका शिक्षालयमा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना**

(सुचना प्रकाशित मिति २०८०।०१।०५)

नेपाल सरकारको आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम देशभरीका दलित, मुस्लिम, बिपन्न, हलिया, कमैया, अपाङ्गता भएका, द्वन्द्व पिडित/सहिद/जनआन्दोलन घाइते परिवारलाई समावेश गरी (नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी, थुनम) छात्रछात्राहरुबाट निर्धारित कोटामा डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको उल्लेखित प्राविधिक शिक्षा प्रदान गर्न मिति २०७९।११।०८ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रित पुर्वकको आवेदन फाराम बुझाएका उम्मेदवारहरुको मिति २०७९।१२।१८ गते संचालन भएको प्रवेश परीक्षामा प्राप्त भएको प्राप्तांकलाई मिति २०८०।०१।०४ गतेको निर्णयानुसार उच्चतम अंकको आधारमा योग्यताक्रम निर्धारण गरी मुख्य, उत्तीर्ण सूची र अनुत्तीर्ण उम्मेद्ववारहरुको संलग्न नतिजा सूची प्रकाशन गरिएको छ । छनौट भएका मुख्य उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०।०१।१९ गते) र सो दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्ट सम्म भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र आवश्यक सक्कल कागजातहरु (**शैक्षिक प्रमाणपत्रहरु, प्रवेशपत्र र आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति र नतिजाको प्रतिलिपि**) लिई तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षालयहरुले यसै सूचनालाई आधारमानी www.ctevtexam.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षालयमा सिफारिश भएका विद्यार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु, कोटामा सम्वन्धित निकायको बर्ग खुलेको सिफारिश पत्र र प्रवेशपत्रको सक्कल प्रमाणपत्रहरु शिक्षालयको प्राचार्यले रुजु गरी सो को १ प्रति प्रतिलिपी शिक्षालयमा अभिलेख राखी डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७९ र प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७९ ले तोकेको शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुलाई मात्र तोकिएको म्याद भित्र कुनै पनि शुल्क (धरौटी, पुस्तकालय, प्रयोगात्मक, यातायात आदि) नलिई निर्धारित कोटाभित्र भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । सक्कल कागजात रुजु नगरी अध्ययन गर्ने शैक्षिक कार्यक्रमका लागि योग्यता नपुगेका परीक्षार्थीलाई भर्ना गराएमा त्यस्ता परीक्षार्थीहरुको परिषद् रजिष्ट्रेशन कायम नहुने भएकाले सो को जिम्मेवारी सम्वन्धित शिक्षालयको प्राचार्य हुने व्यहोरा समेत सूचित गरिन्छ ।

उल्लेखित म्यादभित्र मुख्य परीक्षार्थी भर्ना हुन नआई कुनै शैक्षिक कार्यक्रममा कोटा रिक्त रहन आएमा सम्वन्धित शिक्षालयले गोरखापत्र राष्ट्रिय दैनिकमा ७ दिनको सूचना प्रकाशित गरी बैकल्पिक/प्रतिक्षा सूचीमा रहेका परीक्षार्थीहरुबाट निवेदन माग गरी प्राप्त निवेदनहरु शिक्षालयको मुल दर्ता कितावमा दर्ता गरी दर्ता भएका निवेदनहरु मध्येबाट जुन शैक्षिक कार्यक्रमको लक्षित बर्ग, समूहको निर्धारित कोटा खाली रहन गएको छ सो प्रदेशको खाली रहन गएको कोटाको सोही कार्यक्रमबाट योग्यताक्रमानुसार छनौट गर्ने । सो बाट पुर्ति हुन नसक्ने अवस्था भएमा सोही प्रदेशको अन्य कार्यक्रमहरुबाट योग्यताक्रमानुसार छनौट गर्ने । सो पश्चात समेत कोटा रिक्त हुन गएमा अन्य प्रदेशको उत्तीर्ण सूचीबाट रिक्त रहन गएको कोटामा प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण मध्येबाट इच्छाए बमोजिमको कार्यक्रममा निवेदन लिई सम्वन्धित कार्यक्रमको योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ । नतिजा सम्वन्धी विस्तृत विवरण www.ctevtexam.org.np मा प्रकाशन गरिएको छ ।

**(क) प्रि-डिप्लोमा तह**

| क्र.सं | कार्यक्रम | अध्ययनका लागि तोकिएको शिक्षालयको नाम, ठेगाना | कुल आवेदक | उत्तीर्ण संख्या | भर्नाका लागि सिफारिस संख्या |
|---|---|---|---|---|---|
| १. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ) | उत्तरपानी प्राविधिक शिक्षालय, उत्तरपानी, धनकुटा | १९ | १५ | कार्यक्रम स्थगन |
| २. | प्रि-डिप्लोमा इन फरेष्ट्रि | निर्मल लामा बहु-प्राविधिक शिक्षालय, बर्दिवास, महोत्तरी | ५१ | ३२ | ३२ |
| ३. | प्रि-डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ्ग | पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रे | १५ | १५ | कार्यक्रम स्थगन |
| ४. | प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बांके | १९ | १८ | १८ |

**(ख) डिप्लोमा तह**

| क्र.सं | कार्यक्रम | अध्ययनका लागि तोकिएको शिक्षालयको नाम, ठेगाना | कुल आवेदक | उत्तीर्ण संख्या | भर्नाका लागि सिफारिस संख्या |
|---|---|---|---|---|---|
| १. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | जय किसान बहु-प्राविधिक शिक्षालय, धरहरी, रौतहट<br>शुक्लाफाँटा वहुप्राविधिक शिक्षालय, झलारी, कन्चनपुर | २३९ | १८६ | ५७ |
| २. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | लहान प्राविधिक शिक्षालय, सिरहा<br>कर्णाली प्राविधिक शिक्षालय, जुम्ला | १९७ | १६२ | ४५ |
| ३. | डिप्लोमा इन जियोमेटिक्स इन्जिनियरिङ्ग | नारायणी बहुप्राविधिक शिक्षालय, चितवन | ७६ | ५५ | ४० |
| ४. | डिप्लोमा इन वायोमेडिकल इन्जिनियरिङ्ग | बालाजु स्कूल अफ इन्जिनियरिङ्ग, काठमाण्डौ | ६८ | ४२ | ४० |
| ५. | डिप्लोमा इन सिभिल(स्पेशलाइजेशन इन हाइड्रोपावर) इन्जिनियरिङ्ग | गोरखा बहु-प्राविधिक शिक्षालय, पालुङ्गटार, गोरखा | ३९ | ३१ | ३१ |
| ६. | डिप्लोमा इन रेफ्रिजिरेशन एण्ड एयरकण्डिसनिङ्ग इन्जिनियरिङ्ग | कोरिया नेपाल वहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही | १० | ७ | कार्यक्रम स्थगन |
| ७. | डिप्लोमा इन मेडिसिनल एण्ड एरोमेटिक्स प्लान्ट | शहिद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय, घोरही, दाङ्ग | ३३ | २१ | २१ |
| ८. | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | टिकापुर वहुप्राविधिक शिक्षालय, कैलाली | ९६ | ७२ | २५ |

(ग) प्राविधिक शिक्षाको पहुँच नपुगेका ९९ वटा पालिकामा स्थायी वसोवास गर्ने छात्रछात्राहरु मध्ये

| क्र.सं | कार्यक्रम | अध्ययनका लागि तोकिएको शिक्षालयको नाम, ठेगाना | कुल आवेदक | उत्तीर्ण संख्या | भर्नाका लागि सिफारिस संख्या |
|---|---|---|---|---|---|
| १. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ) | श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, भोजपुर र | १३ | ८ | कार्यक्रम स्थगन |
| २. | डिप्लोमा इन होटल म्यानेजमेन्ट | नेपाल वनेपा बहुप्राविधिक शिक्षालय, वनेपा, काभ्रेमा | ३ | १ | कार्यक्रम स्थगन |

**नोटः**

१. प्रि-डिप्लोमा तहका कार्यक्रमहरुमा आवश्यक संख्यामा परीक्षार्थीहरु उत्तीर्ण नभएकोले सूचनामा उल्लेख गरिएका मध्ये उत्तरपानी प्राविधिक शिक्षालय, उत्तरपानी, धनकुटा र पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रेका कार्यक्रमहरु स्थगन गरिएको छ ।

२. डिप्लोमा तहको कोरिया नेपाल वहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देहीको डिप्लोमा इन रेफ्रिजिरेशन एण्ड एयरकण्डिसनिङ्ग इन्जिनियरिङ्ग कार्यक्रममा आवश्यक संख्यामा परीक्षार्थीहरु उत्तीर्ण नभएकोले उक्त कार्यक्रम स्थगन गरिएको छ ।

३. स्थगन भएका कार्यक्रमहरुमा आवेदन दिई उत्तीर्ण परीक्षार्थीहरुले रिक्त रहेका अन्य कार्यक्रममा अध्ययन गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्बन्धित शिक्षालयमा निवेदन दिन सक्नेछन् ।

४. रिक्त रहेका सम्पूर्ण कार्यक्रमहरुमा सोही प्रदेशको अन्य कार्यक्रम वा अन्य प्रदेशको सोही कार्यक्रमको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले समेत रिक्त रहेका सोही वा अन्य कार्यक्रममा अध्ययन गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्बन्धित शिक्षालयमा निवेदन दिन सक्नेछन् ।

५. प्राविधिक शिक्षाको पहुँच नपुगेका ९९ पालिका लक्षित श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय, भोजपुर र नेपाल वनेपा बहुप्राविधिक शिक्षालय, वनेपा, काभ्रेमा न्युन आवेदन परेका कारण उक्त शिक्षालयहरुका कार्यक्रमहरु स्थगन गरिएको छ ।

६. यो सूचना र नतिजा सम्वन्धी विवरण www.ctevtexam.org.np वा www.ctevt.org.np मा हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**